LUMANTI
SUPPORT GROUP FOR SHELTER





# Community Action Plan

## An Introductory Booklet



## सामूदायिक कार्य योजना - जानकारी पुस्तिका



LUMANTI
SUPPORT GROUP FOR SHELTER

# Community Action Plan

## AN INTRODUCTORY BOOKLET

November 2025

# Content



- What is Community Action Plan (CAP) ?
- Why CAP ?
- Objectives
- 7 Steps Planning Process Chart
- Community Intervention for CAP
    - Preparatory work for CAP workshop
    - Data collection and analysis using PRA tools
    - Community Action Plan Exihibition



**Funding Partners**

**Implementing Partners**


*The Community Action Plan (CAP) – An Introductory Booklet has been developed to provide a clear and practical understanding of the process involved in preparing a Community Action Plan. This booklet introduces the basic concept and objectives of CAP and presents a step-by-step planning process to support participatory community development. It also includes practical guidance on community interventions such as preparatory work, data collection and analysis using PRA tools, and organizing a Community Action Plan Exhibition.*



# What is CAP ...?

**Community Action Plan (CAP)** is a collaborative approach designed to address the pressing challenges encountered by the communities. By involving community members in both the development and implementation of the plan, it ensures that the decisions made are aligned with the needs and viewpoints of those most affected by the issues.

# Why CAP ...?

The Ministry of Federal Affairs and General Administration has established a structured procedure that delineates the annual planning and budgeting process into seven distinct stages, aimed at enhancing transparency and fostering participatory local development. The primary goal of this initiative is to accurately identify and prioritize local needs, facilitate active community involvement, and optimize the utilization of local resources. Furthermore, it underscores the importance of collaboration, engagement, and coordination among all relevant stakeholders to achieve these objectives.

The local municipality has delegated the task of developing a comprehensive plan for the settlements within each ward to the respective ward committees. Despite the existence of explicit guidelines within the procedural framework, actual public involvement in the local planning process, particularly at the ward and community levels, remains notably absent. While the requirements of ordinary citizens are ostensibly considered, the plans formulated at the local level frequently fail to reflect the genuine needs of the community, with instances where the community is entirely uninformed about these plans. There are occasions when even the representatives of the Tole Lane Organization lack awareness of the ongoing planning activities.

In response to this significant issue, Lumanti has initiated a community planning initiative aimed at fostering greater engagement and ensuring that the voices of the community are heard and integrated into the planning process.

# सामुदायिक कार्य योजना भनेको के हो ?



समुदायको आवश्यकतालाई सम्बोधन गर्दै समुदाय कै अगुवाई तथा सकृयतामा तयार गरिने योजनालाई नै सामुदायिक कार्य योजना भन्ने गरिन्छ । समुदायको सुधार तथा विकासका लागि सामुदायिक योजना तयार गर्दा समुदायबासीको प्रत्यक्ष सहभागितामा समुदायभित्र रहेका आवश्यकता, समस्या, चुनौतीहरुको प्राथमिकिकरण गर्दै समुदायका अवसर तथा क्षमताहरुका पहिचान गरि योजनामा समावेश गरिन्छ ।

# सामुदायिक कार्य योजना किन ?

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वार्षिक योजना र बजेट प्रक्रियाका लागि सातवटा अलग–अलग चरणहरू निर्धारण गरेको छ । वार्षिक योजना निर्माण र बजेट प्रक्रियालाई पारदर्शी बढाउन र सहभागितामूलक स्थानीय विकासलाई प्रवर्द्धन हेतु यो प्रकृयागत अवधारणा अगाडी सारिएको हो । स्थानीय समुदायको प्रत्यक्ष र सकृय सहभागिता गराई उनीहरुको आवश्यकताहरूको सही पहिचान र प्राथमिकीकरण गर्नु, र स्थानीय स्रोतहरूको अधिकतम उपयोग गराउनु यस अवधारणाको मूल उद्देश्य हो । यसबाहेक, यसले यी उद्देश्यहरू प्राप्त गर्न सम्बन्धित सबै सरोकारवालाहरू बीच समन्वय, सहकार्य, सहभागितालाई जोड दिन्छ ।

स्थानीय नगरपालिकाले प्रत्येक वडा भित्रका बस्तीहरूको लागि विस्तृत योजना तयार गर्ने कामको जिम्मेवारी सम्बन्धित वडा समितिहरूलाई दिएको छ । विद्यमान प्रक्रियागत ढाँचा भित्र स्पष्ट निर्देशिकाहरू भएपनि स्थानीय योजना निर्माण प्रक्रियामा, विशेष गरी वडा र समुदाय स्तरमा योजना बनाउँदा स्थानीय आम सर्वसाधारणको सहभागिता भएको पाईंदैन । स्थानीय नागरिकहरूको आवश्यकताहरूलाई स्थानीय स्तरमा बनाइएका योजनाहरूमा प्राय: प्रतिबिम्बित गरिएको पाईंदैन । समुदायहरु त्यस्ता योजनाहरूको बारेमा पूर्ण रूपमा अनभिज्ञ रहेको पाइन्छ । कहिलेकाहीं टोल विकास संस्थाका प्रतिनिधिहरूलाई पनि त्यस्ता योजना तथा गतिविधिहरूको बारेमा जानकारीको अभाव भएको देखिएको छ ।

समुदायभित्रका यिनै विषयवस्तुहरुलाई सम्बोधन गर्न लुमन्ति आवासको लागि सहयोग समुहले स्थानीय समुदायको आवाजलाई सुनिश्चित गर्ने उद्देश्यका साथ समुदाय कै सकृय सहभागितामा सामूदायिक कार्य योजना निर्माण गर्न गराउन सहजिकरण कार्यक्रम कार्यान्वयन गरेको हो ।




# Objectives :

- Enhance community participation, fostering an environment where local individuals actively engage in the development processes that affect their lives.
- Empower the community to identify its own needs, this initiatives aim to instill a sense of responsibility among its members for their collective growth.
- Encourage self-reliance and promote a deeper understanding of the community's unique challenges and opportunities, ultimately leading to more effective and sustainable development initiatives.
- Provide community members with knowledge regarding community action plans and the various stages involved in their implementation.
- Seek to instill a sense of accountability within local governments and various organizations, encouraging them to recognize their roles in supporting sustainable development.




## सामुदायिक कार्य योजनाका उद्देश्यहरु

- स्थानीय समुदायको जिवनमा प्रत्यक्ष प्रभाव पर्ने गरि समुदायको विकास प्रकृयामा उनीहरुको सकृय सहभागिता गराउने ।
- समुदायको सामुहिक विकासका लागि उनीहरुको आवश्यकता पहिचान गर्न समुदायलाई सशक्त बनाउने ।
- प्रभावकारी तथा दीगो विकासका लागि समुदायभित्रका मौलिक अवसर तथा चुनौतीहरुको पहिचान गराउने र उनीहरुलाई आत्मनिर्भरता तर्फ प्रात्साहन गर्ने ।
- स्थानीय समुदायहरुलाई सामुदायिक कार्य योजना निर्माणका प्रकृयाहरुका विषयमा जानकारी गराई उक्त प्रकृयामा सहभागी गराउने ।
- स्थानीय सरकार तथा सरोकारवाला संघसंस्थाहरुलाई उनीहरुको भूमिका तथा उत्तरदायित्वका विषयमा उत्प्रेरित गर्ने ।

# 7 Steps Planning Process & Community Engagement

## SEVEN STEPS PLANNING CYCLE

**By end of Poush (Mid- Jan) / Chaita (Mid-April)**

- Submission of revenue/ expenditure budget to Federal government
- Receive the budget ceiling and guidelines from the Federal Provincial Government

**Step : 1**
Preparation Phase

**By 10th Baishakh (25th April)**

**Step : 2**
Resource Projection & determining the ceiling

**Step : 3**
Community level planning meeting

**Community Intervention for COMMUNITY ACTION PLAN WORKSHOP & CAP EXHIBITION**
By end of Baishakh (Mid- May)

**By 15th Jestha (End of May)**

**Step : 4**
Project selection & Priorotization at ward level

**By 5th of Ashad (20th June)**

**Step : 5**
Budget plan formulation at municipality

**By 10th of Ashad (25th June)**

**Step : 6**
Approval of budget by Executive Committee

**By end of Ashad (Mid- July)**

**Step : 7**
Approval by Municipal Assembly

## Community Intervention for for Community Action Plan Workshop & CAP Exhibition

Preparatory work for Community Action Plan Workshop → Data collection & analysis applying Participatory Rural Appraisal Tools → Preparing Action Plan together with community → Communty Action Plan Exhibition → Follow-up Initiatives

# Community Intervention for
# COMMUNITY ACTION PLAN



# समुदायको पहलमा
# सामुदायिक कार्य योजना

# Community Intervention for
# COMMUNITY ACTION PLAN



## Preparatory work for Community Action Plan Workshop

Preparatory work for the Community Action Plan Workshop involves a comprehensive approach to ensure that all necessary resources are in place for a successful event. This includes gathering essential materials that will facilitate the adoption of Participatory Rural Appraisal (PRA) tools, which are crucial for engaging community members effectively. It is vital to coordinate closely with community leaders and representatives from Tole Lane Organizations (TLOs). This collaboration is essential to guarantee that community members are informed and motivated to attend the meeting. Logistical arrangements also play a crucial role in the overall effectiveness of the workshop. This includes organizing the venue, ensuring that all necessary equipment is available, and providing any additional support that participants may need during the event.

## Data Collection and Analysis

Data collection and analysis through Participatory Rural Appraisal (PRA) tools involve the active participation of community members in the process of gathering and interpreting information about their lives and surroundings. Utilizing methods such as social mapping, seasonal calendars, focus group discussions, and transect walks allows for the capture of local knowledge and perceptions, local resources and needs, local challenges and opportunities and priorities in a dynamic and visual format. This participatory methodology ensures that the data reflects the community's genuine experiences and perspectives, ultimately fostering more relevant, inclusive, and sustainable planning and decision-making.



# समुदायको पहलमा
# सामुदायिक कार्ययोजना

## सामुदायिक कार्ययोजना गोष्ठीका लागि तयारी

सामुदायिक कार्ययोजना गोष्ठी प्रभावकारी ढंगले सफलतापूर्वक सम्पन्न गर्नभन्दा अगाडी गोष्ठीका लागि आवश्यक सम्पूर्ण तयारी गर्न आवश्यक छ । सामुदायिक कार्य योजना समुदायको प्रत्यक्ष सहभागितामा तयार गरिने भएकोले उक्त कार्ययोजना तयार गर्न प्रयोग गरिने विधी पी.आर.ए. टुल्सका लागि आवश्यक सम्पूर्ण श्रोत सामग्रीहरुको व्यवस्था गर्नु पर्छ । यसका अलावा सामुदायिक कार्ययोजना गोष्ठीमा समुदाय तथा टोल बिकास संस्थाका प्रतिनिधीहरुको सहभागिता सुनिश्चित गर्न-गराउन टोल विकास संस्थाका प्रतिनिधीहरु तथा समुदायका नेतृत्व तहसंग आवश्यक समन्वय गर्न जरुरी हुन्छ । यससंगै गोष्ठी आयोजना गर्नका लागि आवश्यक सामग्री, गोष्ठी आयोजना गर्ने स्थान लगायत अन्य आवश्यक व्यवस्थाका लागि समन्वय गर्नु पर्दछ ।



## सूचना संकलन तथा विश्लेषण

यो विधि अन्तर्गत पीआरए टुल्सको प्रयोग गरि समुदायको सहभागितामा समुदायकै समग्र वस्तुस्थिती, आर्थिक, सामाजिक तथा भौतिक अवस्थाको विषयमा तथ्य तथ्याङ्क संकलन गरि सो को विश्लेषण गरिन्छ । यस क्रममा समुदायको सामाजिक नसाङ्कन, मौसमी पात्र, सामुहिक विषय केन्द्रित अन्तरक्रिया, धरातलीय हिंडाई लगायतका पीआरए विधी अपनाएर समुदायको वस्तुस्थिती, आर्थिक, सामाजिक तथा भौतिक आवस्थाको सूचना तथा जानकारीहरु संकलन गरिन्छ । यसबाट समुदायभित्र विद्यमान मौलिक ज्ञान, सीप र विचारहरु लगायत समुदायवासीको वास्तविक आवश्यकता, चुनौती तथा अवसरहरुको पहिचान हुन्छ । यसले गर्दा समुदायको योजना तयार गर्ने क्रममा तथ्यपरक, सान्दर्भिक, समावेशी एवं दीगो योजना निर्माण गर्ने निर्णय प्रकृयामा प्रभावकारिता सुनिश्चित हुन्छ ।



# Participatory Rural Appraisal (PRA) TOOLS applied for Community Action Plan Workshop

## Transect Walks


Transect walks serve as an essential method in Participatory Rural Appraisal (PRA), involving a systematic exploration of a community alongside local residents to observe and discuss the area's physical and social characteristics. This approach facilitates a deeper understanding of local conditions, land use, natural resources, and community infrastructure by allowing residents to share their insights and experiences. By fostering collaborative learning between community members and external stakeholders, transect walks enhance the accuracy and inclusivity of planning and decision-making processes.



## Social Mapping

Social Mapping is a key tool that involves community members in creating a visual representation of their village or locality. It helps identify households, social groups, resources, infrastructure, and institutions within the community. The social mapping is especially useful for understanding the social structure, identifying marginalized groups, and planning development interventions based on the community's own insights.

The use of technology, such as Google Maps, during community workshops has significantly enhanced the engagement of participants in the social mapping process. By leveraging this digital tool, community members are encouraged to actively identify and mark their households, resources, infrastructure, and institutions on the map.



# सामुदायिक कार्ययोजनाका लागि प्रयोग भएका टुल्सहरु

## धरातलीय हिंडाई

धरातलीय हिंडाई पीआरए विधी मार्फत समुदायको सहभागितामा समुदाय कै भौतिक तथा सामाजिक विशेषताहरुको व्यवस्थित तवरले अध्ययन एवं अवलोकन गर्ने एउटा तरिका हो । यस विधी अनुसारको अध्ययन तथा अवलोकनले स्थानीय समुदायको विद्यमान अवस्था, भू उपयोग सम्बन्धि जानकारी, प्राकृतिक श्रोत तथा समुदाय भित्रका भौतिक पूर्वाधारको अवस्थाका विषयमा गहिरो बुझाई राख्न सहयोग पुर्‍याउँदछ । यस विधीले समुदाय तथा अन्य सरोकारवालाहरु बीचको आपसी सिकाई प्रवर्द्धन गरि सामुदायिक कार्ययोजना निर्माणको प्रकृयामा समावेशीता एवं तथ्यपरक नतिजा सुनिश्चित गर्दछ ।



## सामाजिक / श्रोत नसाङ्कन

सामाजिक श्रोत नसाङ्कन पीआरए टुल्सको एउटा अर्को विधी हो जसको प्रयोगले समुदायवासीले आफ्नो समुदायको भौतिक वस्तुस्थिती झल्काउने चित्र तयार गर्न सक्छ । यस विधी मार्फत समुदायवासीले आफ्नो समुदायमा विद्यमान घरधूरीको अवस्था, भौगालिक वस्तुस्थिती, भौतिक संरचनाको अवस्था लगायत समुदायभित्र रहेका प्राकृतिक श्रोत, संघसंस्थाहरुको विवरण आदि चित्रमा देखाउन सक्छ । यस विधीको प्रयोग गर्दा पछिल्लो समयमा प्राविधीको विकास भएसंगै गुगल नक्साहरु मार्फत समुदायमा विद्यमान घरधूरी, भौतिक तथा मानव निर्मित श्रोतहरु, संरचना तथा संस्थाहरुलाई चित्रण गर्न सहज भएको छ ।




## Problem Tree Analysis

Problem Tree Analysis serves as a collaborative tool that enables communities to pinpoint and examine the fundamental causes and consequences of significant issues impacting their lives. During the formulation of a Community Action Plan Workshop, this method facilitates structured discussions among local people, allowing them to dissect a central problem into its root causes and associated effects. The process typically starts with the identification of a primary concern, followed by a collective investigation of its contributing factors. This visual and engaging approach not only cultivates a shared understanding among stakeholders but also promotes ownership, encourages the exchange of local knowledge, and establishes a foundation for effective, community-led solutions.

## Problem Chart

The Problem Chart is a participatory tool used to identify, analyze, and prioritize key issues faced by a community. It encourages local people to reflect on the root causes of their problems, the effects, and the interconnections among them. During community action plan exercise, the problem chart helps organize the community's concerns in a structured format—highlighting the lists of problems, causes, consequences, and possible solutions. This process ensures that the community itself leads the analysis, promotes shared understanding, and lays the foundation for designing realistic, need-based, and locally owned interventions.







## समस्या वृक्ष विश्लेषण

समस्या वृक्ष विश्लेषणले समुदायलाई उनीहरुको जीवनमा प्रभाव पार्ने महत्वपूर्ण समस्याहरुको आधारभूत कारण र त्यससंग जोडिएका असर तथा परिणामहरुको पहिचान गरि तिनीहरुको विश्लेषण गर्न मद्दत गर्दछ । यो विधिले स्थानीय समुदायहरु बीच विषयगत छलफललाई सहज बनाउँछ र यसले गर्दा उनीहरूलाई समस्याहरु, यससंग सम्बन्धित मूल कारणहरू र सम्बन्धित प्रभावहरु पहिचान गर्न मद्दत पुग्दछ । यस प्रकृयामा सामान्यतया मूल समस्याको पहिचान गरिन्छ र त्यसपछि उक्त समस्याका कारक र त्यसबाट समुदायमा परेको असर तथा प्रभावहरुको विषयमा समुदाय बीच गहण छलफल गरिन्छ ।

## समस्याको तालिका

समुदायले सामना गर्ने प्रमुख समस्याहरू पहिचान गर्न, विश्लेषण गर्न र प्राथमिकीकरण गर्न प्रयोग गरिने सहभागितामूलक प्रकृया नै समस्या तालिका हो । यो तालिकाले स्थानीय मानिसहरूलाई आफ्ना समस्याहरूको मूल कारणहरू, प्रभावहरू र तिनीहरू बीचको अन्तरसम्बन्धहरूमा बिचार विमर्श गर्न सहयोग गर्दछ । सामुदायिक कार्य योजना अभ्यासको क्रममा, समस्या तालिकाले समुदायको चासोहरूलाई व्यवस्थित तरिकाले अभिलेखिकरण गर्न मद्दत गर्दछ जसको माध्यमबाट समुदायका समस्याहरू त्यसका कारण अनि परिणामहरू र सम्भावित समाधानहरूको सूचीलाई प्रष्ट रुपमा बुझ्न सहयोग गर्दछ । यो प्रक्रियाले समुदाय आफैले समस्याहरुको विश्लेषण गर्ने कामको नेतृत्व गर्ने, साझा समझदारी सहितको यथार्थपरक, समूदायको आवश्यकतामा आधारित र स्थानीय स्वामित्वको योजना निर्माणको सुनिश्चितता गर्दछ ।





## Leaky Pot


Leaky Pot is a participatory tool used in Participatory Rural Appraisal (PRA) to help communities analyze how income or resources flow into and out of a household or community – much like water leaking from a pot. While developing a Community Action Plan, this tool enables participants to visualize their income sources (inflows) and areas of expenditure or loss (outflows), highlighting economic challenges and priorities. During the Community Action Plan Workshop, community members draw a pot on a chart: water entering the pot represents income (such as wages, farming, remittances), while holes in the pot symbolize expenses and leakages (like debt repayment, health costs, alcohol, or wasteful spending). This practical, visual approach helps raise awareness about resource management and supports discussions on how to "plug the leaks" by reducing unnecessary expenses or improving financial planning.



People discussing on the community issues and challenges

## चुहिएको गाग्री

समुदाय वा घरपरिवारमा हुने आम्दानी र खर्चको विश्लेषण गर्न प्रयोग गरिने पीआरए टुल्सको एउटा विधी चुहिएको गाग्री हो । यस विधी अन्तर्गत समुदाय वा घरपरिवारमा के सेवा तथा सामग्री खरिद गर्दा के कति खर्च गरिने गरिएको छ र आफ्नो आम्दानीको अनुपातमा खर्च के कसरी भइरहेको छ भनि आम्दानी र खर्चको लेखाजोखा गर्ने गरिन्छ । यसले समुदाय तथा परिवारको आर्थिक चुनौति तथा प्राथमिकताको विश्लेषण गर्न सहयोग मिल्दछ । सामुदायिक कार्य योजना कार्यशालाको क्रममा, सहभागीहरुले चार्टमा एउटा भाँडाको चित्र कोर्न लगाइन्छ र भाँडामा ठूला साना प्वालहरु बनाउन लगाइन्छ । भाँडाको पानीले आम्दानी (जस्तै ज्याला, खेती, रेमिट्यान्स) लाई प्रतिनिधित्व गर्दछ जबकि भाँडामा प्वालहरूले खर्च र चुहावट (जस्तै ऋण चुक्ता, स्वास्थ्य तथा शिक्षामा गरिने खर्च, मदिरा, वा व्यर्थ खर्च) लाई प्रतीक मानिन्छ । यो व्यावहारिक, दृश्य दृष्टिकोणले स्रोत व्यवस्थापनको बारेमा जागरूकता बढाउन मद्दत गर्दछ र अनावश्यक खर्चहरू घटाएर वा वित्तीय योजना सुधारमा सहयोग गर्दछ ।







अन्तरक्रिया कार्यक्रममा सहभागी समुदायावासीहरु



## Priority Ranking



Priority Ranking is a commonly used tool that helps communities systematically rank their problems, needs, or development options in order of importance. It enables participants to compare different issues based on agreed-upon criteria such as urgency, impact, feasibility, or severity. This tool is especially useful when communities face multiple challenges but have limited resources to address them all.

During Community Action Plan exercise, community members first list the problems or needs. Then, they assign ranks through participatory methods such as pairwise ranking, matrix ranking, or simple voting on a chart. Through open discussion and collective decision-making, the issues are ranked from highest to lowest priority. The results of this process directly inform the development of a targeted, practical, and community-owned action plan.



## जोडागत स्तरिकरण

जोडागत स्तरिकरण विधीले समुदायहरूलाई उनीहरूको समस्या, आवश्यकता वा विकास विकल्पहरूलाई प्राथमिकताको आधारमा क्रमबद्ध रूपमा वर्गीकरण गर्न मद्दत गर्दछ । यस विधीले समुदायलाई उनीहरुका समस्या तथा मुद्दाहरुलाई समाधानको आवश्यकता, त्यसले समुदायलाई पर्ने असर, गाम्भिर्यता तथा सम्भावनाको दृष्टिले तुलनात्मक विश्लेषण गर्न मद्दत मिल्दछ । यो प्रकृया, विशेष गरी, न्यून श्रोत भएको अवस्थामा समुदायका बहु चुनौतीहरूको समाधान गर्न उपयोगी हुन्छ ।


सामुदायिक कार्य योजना अभ्यासको क्रममा, समुदायले सबैभन्दा पहिला आफ्ना समस्या तथा आवश्यकताहरुको सूची तयार गर्ने काम गर्दछ । तत्पश्चात सहभागितामूलक प्रकृया अवलम्बन गरि जोडागत स्तरिकरण, म्याट्रिक्स श्रेणीकरण वा साधारण मतदान जस्ता विधी प्रयोग मार्फत समस्या तथा आवश्यकताहरुको श्रेणी निर्धारण गर्ने गर्दछ ।






## Venn Diagram

Venn Diagram is a key Participatory Rural Appraisal (PRA) tool used to identify and understand the individuals, groups, and institutions including local government that have an interest in or influence over community issues and initiatives. This process involves community members working together to list stakeholders, assess their roles, levels of influence, and relationships with each other and with the community. This tools ensures inclusive planning by recognizing key actors such as local leaders, government agencies, NGOs, private sectors, and marginalized groups.






## चपाटी चित्र

चपाटी चित्र सामुदायका सदस्यहरुको सकृय सहभागितामा समुदायका समस्या तथा मुद्दाहरुसंग सरोकार राख्ने विभिन्न स्थानीय संघसंस्था, निकाय, कार्यालयहरु, समूह, संगठन तथा व्यक्ति विशेषको पहिचान गर्न प्रयोग गरिने पीआरए विधी अन्तर्गतको एउटा प्रकृया हो ।

यस प्रक्रियामा समुदायका सदस्यहरूले सरोकारवालाहरूलाई सूचीबद्ध गर्न, तिनीहरूको भूमिका, प्रभावको स्तर, र एकअर्का र समुदायसगको सम्बन्धको मूल्याङ्कन गर्न मिलेर काम गरिन्छ । यो विधीले स्थानीय नेताहरू, सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्रहरू, र सीमान्तकृत समूहहरू जस्ता प्रमुख सरोकारवालाहरुको पहिचान गरि समावेशी योजना तयार गर्न सहयोग मिल्दछ ।





## Weather Calender

Weather Calendar is a tool used to document and analyze local weather patterns and their impacts throughout the year. While developing a Community Action Plan, this tool helps community members visualize and share their knowledge about seasonal changes – such as rainfall, temperature, storms, droughts, or frost – and how these affect their livelihoods, agriculture, health, and daily life.

During the exercise, participants create a calendar that outlines months or seasons and marks specific weather conditions experienced during each period indicating when certain crops are planted or harvested, when floods or dry spells occur, or when diseases are more common.





## मौसमी पात्र

मौसमी पात्रको प्रयोगले वर्षभरि स्थानीय मौसम र त्यसले पार्ने प्रभावहरुको अभिलेखिकरण गरि विश्लेषण गर्न मद्दत गर्दछ । सामुदायिक कार्य योजनाको अभ्यासका क्रममा यो विधीले समुदायलाई मौसमी परिवर्तनहरू, जस्तै वर्षा, तापक्रम, आँधीबेहरी, खडेरी, वा तुसारो आदिले उनीहरूको जीविकोपार्जन, कृषि, स्वास्थ्य र दैनिक जीवनलाई कसरी असर पारेको छ भन्ने बारेमा विचारविमर्श गर्न मद्दत पुग्दछ ।

अभ्यासको क्रममा, समुदायका सहभागीहरूले एउटा मौसमी पात्र सिर्जना गर्छन् जसले महिना वा ऋतुहरूको रूपरेखा बनाउँछ र प्रत्येक अवधिमा अनुभव गरिएको विशिष्ट मौसमी अवस्थाको पहिचान गरिन्छ । यसपछि ति मौसमहरु अनुरुप निश्चित बाली कहिले रोपिन्छ वा कटनी गरिन्छ, कहिले बाढी वा सुख्खायाम हुन्छ, वा कहिले समुदायमा फैलनसक्ने रोगहरूको जोखिम बढी हुन्छन भन्ने जस्ता पक्षहरुमा विश्लेषण गरि तालिका तयार गरिन्छ ।



## Developing Action Plan



Following the comprehensive adoption of Participatory Rural Appraisal (PRA) tools, community members developed an action plan. Through inclusive consultations and PRA methodologies, the CAP process typically begins with the identification of community issues, followed by prioritization, root cause analysis, and collaborative solution development.

The action plan encompasses essential elements such as identified challenges, proposed interventions, designated responsible parties, timelines, required resources or budget, and indicators for tracking progress. This organized approach fosters community ownership, accountability, and promotes sustainable development outcomes.






## सामुदायिक कार्ययोजना निर्माण

पीआरए विधीको अवलम्बन पछि, समुदायकको प्रत्यक्ष सहभागितामा कार्य योजना तयार गरिन्छ । पीआरए विधीका विभिन्न प्रकृयाहरुको अवलम्बनबाट प्राप्त विश्लेषणको नतिजा अनुरुप समुदायका मुद्दाहरूको पहिचान, समस्याका मूल कारणको विश्लेषण, समस्या समाधानको लागि प्राथमिकता निर्धारणसंगै समाधानका उपायहरुको खाजी गरिन्छ ।

कार्ययोजनाले पहिचान गरिएका चुनौतीहरू, प्रस्तावित कार्यक्रमहरू, समस्या समाधानका लागि पहिचान भएका सरोकारवाला निकायहरु, समयसीमा, आवश्यक स्रोतहरू वा बजेट, र प्रगति मापन गर्न सूचकहरू जस्ता आवश्यक तत्वहरू समावेश गरि सहभागितामूलक ढंगले सामुदायिक कार्ययोजना तयार गरिन्छ । यो सामुहिक दृष्टिकोणले समुदायको स्वामित्व, जवाफदेहितालाई बढावा दिन्छ, र समुदायको दिगो विकासमा सहयोग मिल्दछ ।



## Community Action Plan Exhibition

The Community Action Plan Exhibition is the platform that present a collaborative response to community challenge by showcasing the collective efforts made in developing Community Action Plan. The CAP Exhibition intends to highlight the community's identified needs and priorities, reflecting the shared concerns and aspirations of the people. In addition to these, it is also the medium to demonstrate community participation and ownership in planning and decision-making processes. On top to these, the initiative is to engage stakeholders and decision-makers, seeking their support, resources, and partnership for the implementation of the action plan promoting transparency and accountability by openly sharing the planning outcomes with the wider public and stakeholders.

The exhibition aslo serves as a vital platform for dialogue between community representatives and local authorities, facilitating a deeper understanding of the issues at hand. By bringing together various stakeholders, the exhibition not only highlighted the pressing needs of the communities but also fostered a sense of collaboration and commitment to finding effective solutions. The written commitments from local leaders, during the exhibition, signify a promising step towards addressing the challenges faced by these communities, paving the way for future initiatives aimed at improving their overall well-being and resilience.

Following the Exhibition event, a series of follow-up meetings will be conducted with representatives from the Tole Lane Organizations and local ward offices. These meetings are designed to support their lobbying and advocacy efforts aimed at securing budget allocations within the municipal plan. By engaging in these discussions, this aims to ensure that the specific needs and priorities of the communities are effectively addressed. These follow-up meetings serve as a critical platform for amplifying community voices, ensuring that their concerns and aspirations are heard by the municipal board.



## सामुदायिक कार्ययोजना निर्माण प्रदर्शनी

सामुदायिक कार्य योजना प्रदर्शनी एउटा यस्तो प्रभावकारी माध्यम हो जसको मद्दतले समुदायका समस्या तथा चुनौतीहरु सरोकारवाला निकाय तथा संघसंस्था मार्फत उचित समाधान तथा सम्बोधन गराउनका लागि समुदाय कै प्रत्यक्ष सहभागिता एवं सकृयतामा तयार भएको सामुदायिक कार्ययोजना सार्वजनिक गर्ने गरिन्छ । यो प्रदर्शनीलाई सुमदायको योजना र निर्णय प्रक्रियाहरूमा सामुदायिक सहभागिता र स्वामित्व प्रदर्शन गर्ने माध्यमको रुपमा पनि लिइन्छ । यस बाहेक सामुदायिक कार्य योजना प्रदर्शनीको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको समुदायका योजना अनुसारका आवश्यकता तथा मागहरु सम्बोधन गर्न गराउन हेतु सरोकारवाला निकाय तथा संघसंस्थाहरू र निर्णायक तहमा रहेका प्रतिनिधीहरूलाई प्रकृयामा सहभागी गराई  योजनाको कार्यान्वयनको लागि उनीहरूको समर्थन, स्रोतहरू र साझेदारीको लागि प्रतिवद्धता जाहेर गराउन पैरवी गर्नु पनि हो ।

यो प्रदर्शनीले समुदायका प्रतिनिधिहरू र स्थानीय अधिकारीहरू बीचको संवादको लागि एक महत्त्वपूर्ण माध्यमको रूपमा पनि काम गर्दछ । विभिन्न सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर, प्रदर्शनीले समुदायहरूको तत्काल आवश्यकताहरूलाई मात्र उजागर गर्दैन, प्रभावकारी समाधान खोज्न पहल गर्न पनि सहयोग गर्दछ । प्रदर्शनीको क्रममा स्थानीय जनप्रतिनिधीहरूबाट हुने लिखित प्रतिबद्धताहरूले ति समुदायहरूले सामना गर्ने चुनौतीहरूलाई सम्बोधन गर्ने दिशामा एक प्रभावकारी पहल पनि हुने विश्वास गरिन्छ ।

प्रदर्शनी कार्यक्रम पछि, टोल विकास संस्थाहरू र स्थानीय वडा कार्यालयहरूका प्रतिनिधिहरूसँग विभिन्न बैठकहरूको एक श्रृंखला सञ्चालन गरिन्छ । ति बैठकहरूले स्थानिय तहको योजना अनुरुप आवश्यक बजेट विनियोजन गराउनका लागि पनि प्रभावकारी पैरवी हुन्छ । त्यस पश्चात नगरपालिकाको नगर परिषदको बजेट बिनियोजनको अन्तिम रुप दिई रातो कितावमा ती योजनाहरु परेको होस् भन्नु अपेक्षा गरिन्छ ।

# जोडागत स्तरिकरणको नमूना

| समस्या | खानेपानी | सार्वजनिक धारा | पुस्तकालय | स्पिड ब्रेकर | सि.सि. क्यामेरा | सिपमूलक तालिम | ग्राभेल बाटो | सडक बत्ती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी | X | खानेपानी | खानेपानी | खानेपानी | खानेपानी | खानेपानी | खानेपानी | खानेपानी | ७ |
| सार्वजनिक धारा | X | X | सार्वजनिक धारा | स्पिड ब्रेकर | सि.सि. क्यामेरा | सिपमूलक तालिम | ग्राभेल बाटो | सडक बत्ती | १ |
| पुस्तकालय | X | X | X | स्पिड ब्रेकर | सि.सि. क्यामेरा | पुस्तकालय | ग्राभेल बाटो | सडक बत्ती | १ |
| स्पिड ब्रेकर | X | X | X | X | स्पिड ब्रेकर | स्पिड ब्रेकर | ग्राभेल बाटो | सडक बत्ती | ४ |
| सि.सि. क्यामेरा | X | X | X | X | X | सि.सि. क्यामेरा | ग्राभेल बाटो | सडक बत्ती | ३ |
| सिपमूलक तालिम | X | X | X | X | X | X | ग्राभेल बाटो | सडक बत्ती | १ |
| ग्राभेल बाटो | X | X | X | X | X | X | X | ग्राभेल बाटो | ६ |
| सडक बत्ती | X | X | X | X | X | X | X | X | ५ |

## कार्य योजना नमूना

| क्र.सं. | समस्या | समाधानको उपाय (कार्यक्रम) | सरोकारवाला निकाय (कसले गर्ने) | समयसिमा (कहिले गर्ने) | आवश्यक श्रोत वा बजेट |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |







**Lumanti Support Group for Shelter**
Dhapakhel, Gairi Gaon Marg,
Lalitpur Metropolitan City,
Ward No. 23, Lalitpur.
Phone : 977-1-5435157 / 5435156
Email : shelter@lumanti.org.np